# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष ९ | अंक ८६ | शुक्रबार, २ जेठ २०७७ | Friday, 15 May 2020 | www.souryonline.com | पृष्ठ : ४ | मूल्य रू. ५



मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
९.२५%
The Banker


## बालबालिकामा कोरोना संक्रमण

■ सौर्य समाचार

काठमाडौं । विहिवार राजधानीमा रहेका दुई बालबालिकासहित ६ जना कोरोना संक्रमित थपिएका छन् । जसमध्ये दुई जना सात वर्षमुनीका बालबालिका रहेका छन् । काठमाडौंको चन्द्रागिरी नगरपालिका-१ दहचोक निवासी ७ वर्षीय बालक र त्रिवि शिक्षण अस्पतालमा उपचार गराईरहेकी ६ वर्षीया बालिकामा संक्रमण देखिएको हो ।

बालकको घर दहचोक नै हो भने बालिका भने उपचार गर्न कपिलबस्तुबाट काठमाडौं आएको खुलेको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा विहिवार गरिएको स्वाब परीक्षणमा धादिङ निवासी ३० वर्षीया महिला र धनुषा निवासी १७ वर्षीया युवतिमा कोरोनाको संक्रमण देखिएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । विहिवार नवलपरासी देवचुली नगरपालिका-१२ निवासी ४९ वर्षीय पुरुष र काठमाडौं चन्द्रागिरी निवासी ३२ वर्षीय पुरुषमा पनि संक्रमण देखिएको छ ।

मंगलबार यतामात्र राजधानीमा ५ जनामा कोरोना संक्रमण पुष्टि

बाँकी पृष्ठ २



**स्वदेश फर्किन पाउने आशा :** भारतमा रहेका नेपालीहरु लकडाउनकै बीच देश फर्किन पाउने हल्ला चलेपछि विहिवार नेपालगञ्ज नाकामा सयौं नेपाली आइपुगेका छन् । करिव दुई हजार बढिको भिड आएपछि आरडिटी परीक्षण र अभिलेख राखेर विहिवार पाँच सय जनालाई नेपाल प्रवेश दिइएको छ । नेपालमा रहेका करिव आठ सय भारतीय नागरिकलाई भारत पठाइने ।

## सबै सवारी पास रद्द

■ सौर्य समाचार

काठमाडौं । सरकारले शनिबारदेखि लागू हुनेगरी सवारीसाधन चलाउनका लागि यसअघि जारी भएका सबै पास रद्द गरिदिएको छ । शनिवारदेखी लागु हुनेगरी जिल्ला भित्र सञ्चालनका लागि यसअघि लिएका सबै पास रद्द गर्ने निर्णय गरेको हो ।

बिहीबारदेखि एक जिल्लाबाट अर्को जिल्ला जानका लागि जारी भएको पास रद्ध गरिएकोमा शनिबारदेखि भने जिल्लाभित्रै पनि पासलाई मान्यता नदिने गरी रद्द गरिएको गृह मन्त्रालयका सूचना अधिकारी उमाकान्त अधिकारीले जानकारी दिए । 'जेठ ३ गतेदेखि लागू हुने गरी यसअघि जारी भएका कुनैपनि पासले मान्यता पाउने छैनन् । अब पासबाहकले जिल्लाभित्रै पनि सो पास प्रयोग गर्न पाउँदैन', उनले भने ।

कारोनाभाइरसको संक्रमण बढेसँगै गृहमन्त्रालयले लकडाउनलाई थप कडाइ गर्ने नीति अनुरुप सो निर्णय गरेको छ । यो निर्णय देशभर नै लागू गर्नेगरी गृहले ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सर्कुलर जारी गरिसकेको छ । पछिल्लो एक सातामा कोरोना संक्रमितको सख्या ठुलो सख्यामा बढ्न थालेपछि गृहले कडा कदम उठाएको हो ।

बाँकी पृष्ठ २

# छाङरुमा सशस्त्र प्रहरीको सीमा गस्ती



■ नारायण दुङ्गाना/रासस

दार्चुला । राज्यको कमजोर उपस्थिति रहेको दार्चुलाको विकट हिमाली क्षेत्र व्यास गाउँपालिका-१ स्थित भारतीय सीमा जोडिएको छाङरु (गागा) मा सीमा रक्षाको दृढ संकल्पका साथ विहिवारदेखि सशस्त्र प्रहरीले गस्ती थालेको छ ।

मुलुकको इतिहास मै पहिलो पटक सरकारले जिल्ला सदरमुकाम खलंगास्थित सशस्त्र प्रहरी बल नेपाल नं ५० गुल्मबाट बुधबार यहाँको सीमा सुरक्षाका लागि सशस्त्रको टोली पठाएको हो । आफ्नो बन्दोबस्ती र गाँस, बास, कपासको जोहो गर्ने काम पूर्ण नहुँदै सशस्त्रले सीमा गस्तीलाई उच्च प्राथमिकता दिएर गस्ती नियमित गरेको हो । केही टोली दार्चुलाबाट आउँदै गर्दा अघिल्लो दिन आइपुगेका टोली सुरक्षामा खटिएको थियो ।

टोलीले भारतसँग जोडिएको महत्वपूर्ण नाका सीतापुलबाट गस्ती थालेको हो । नेपाल र भारत आवागमनका लागि यहाँको सीमा क्षेत्रमा महाकाली नदीमाथि बनेको काठे कच्ची पुल छ । त्यही पुलबाट नेपालीहरु आवतजावत गर्ने गर्छन् । अहिले लकडाउनका कारण यहाँबाट आवतजावत ठप्प छ । यहाँको महत्वपूर्ण नाका मानिएको त्यही पुलबाट गस्ती थालिएको हो ।

सीतापुलको नेपालतर्फको भूभागमा नियमित ड्यूटीमा टोली परिचालन हुने सीमा निगरानी चौकी (बीओपी)का प्रमुख सशस्त्र प्रहरी निरीक्षक लिलीबहादुर चन्दले बताए । उनका अनुसार उक्त बीओपीले यहाँको छाङरु, कौवा, तिंकर, बुदी, नितिकुण्डालगायतको क्षेत्रका सुरक्षा गर्नेछ ।

गस्ती शुरु गर्नुअघि सीमा अवलोकनका क्रममा गृह मन्त्रीका सुरक्षा सल्लाहकार प्रा. डा. ईन्द्रजीत राई र सशस्त्र प्रहरी निरीक्षक चन्दसँग सीमा सुरक्षामा खटिएको भारतीय एसएसबीका भुपेन्द्रकुमारले भेट गरेका थिए । उक्त अवसरमा नेपालले आफ्नो सुरक्षाका लागि टोली ल्याएको जानकारी दिँदै डा. राईले अन्य विषयहरु सरकारबीच नै छलफल हुने भएकाले आपसी समन्वयमा काम गर्नुपर्ने सुझाव दिए ।

नेपाल सरकारको निर्णयमा बुधबार यहाँ सीमा निगरानी चौकी (बीओपी) स्थापना गरिएको थियो । नेपाली सुरक्षा अधिकारीको झिनो उपस्थिति हुने गर्दथ्यो । दुई दिन हिँडेर पुग्ने हुम्लिङमा नेपाल प्रहरीको अस्थायी चौकी छ । तर छाङरु नजिकै नितिकुण्डामा रहेको प्रहरी चौकी भने गत मङ्सिरमा तल झरेपछि यहाँ सुरक्षाकर्मी शून्य थियो ।

स्थानीय बासिन्दासमेत जाडोका कारण तल झरेपछि मानवीय उपस्थिति शून्य थियो । यहाँका स्थानीय चिसोका कारण छ महिना तल झर्ने गर्छन् । मङ्सिर १४ गते सदरमुकाम झरेको नेपाल प्रहरी पनि विहिवारबाटै आफ्नो चौकीमा फर्किएका छन् ।

सशस्त्र प्रहरीको बीओपी भने स्थानीय जीतबहादुर बोहराको घर मासिक रु २५ हजार तिर्ने गरी स्थापना गरिएको हो । नजिकै १५ रोपनी जग्गा व्यवस्थापन भएको छ । रु ११ करोड रकमसमेत सरकारले छुट्याइसकेको छ । भवन नबन्दासम्म सशस्त्र प्रहरी त्यही भाडाको घरमा बस्नेछ ।

**सकस छ छाङरु पुग्न**

दार्चुला जिल्ला सदरमुकामबाट पारी भारतीय क्षेत्र धार्चुला पर्छ । पहिलेपहिले त्यही धार्चुलाबाट महाकाली नदी तिरैतिर भारतले बनाएको बाटो हुँदै नेपालीहरु यही सीतापुल तरेर छाङरु आउँथे । नेपालबाट यहाँ आउन बाटो छैन । खनीखोस्रो गरी र लहरा तथा डोरी समाउँदै हिँडेर आउन चारदेखि पाँच दिन लाग्छ ।

लकडाउनका कारण भारतले प्रवेश नदिएपछि छाङरु गाउँका ११५ घरधुरी अझै फर्किएका छैनन् । उनीहरु गत कात्तिक मङ्सिरमा बेँसी झरेका थिए । उनीहरु सदरमुकाम आसपास नै बसिरहेका छन् । गाउँमा मान्छे नहुँदा जग्गा जमिन बाँझो छ । यतिबेला फापर गहुँ लहलह हुने बेला थियो । केही ठाउँमा लसुन लगाएको देखिन्छ भने यहाँ स्याउले फूल खेल्न थालेको देखिन्छ । सबै घरमा ताला झुण्ड्याइएको छ । गाउँले नभएको र प्रहरीसमेत नहुँदा यहाँ नेपालीको उपस्थिति छैन । भारतले जे गर्दा पनि प्रतिवाद गर्ने कोही छैनन् ।

यहाँको व्यास-१ छाङरुमा ११५ घरधुरी छन् । दश किलोमिटर पर रहेको तिङकरमा ६८ घरधुरी छन् । यहाँ दुवै क्षेत्रमा गरेर एक हजार २२० जनसख्या रहेको प्रहरीको अभिलेखमा उल्लेख छ । यहाँबाट सुनसेरा (गाउँपालिका सदरमुकाम) पुग्न झण्डै दुई दिन लाग्छ ।

यहाँबाट माथि कालापानी झण्डै १५ किलोमिटरको दूरीमा पर्छ भने तिंकर १० किलोमिटरमा पर्छ । तिंकरबाट लिपुलेक अन्दाजी १० किलोमिटरको दूरीमा रहेको स्थानीय जीतबहादुर बोहराले बताए । दार्चुलाबाट उत्तरपूर्वमा पर्ने छाङरुबाट लिपुलेक अन्दाजी २५ किलोमिटरको दूरीमा रहेको बताइन्छ । तर बाटो नभएकाले हिँडेर जान सकिने अवस्था छैन ।

**यस्तो छ भौगोलिक अवस्था**

छाङरुको पारी पट्टी अपिनाम्पा संरक्षण क्षेत्र छ । चारैतिर डाँडा सेताम्मे हिउँले भरिएका छन, तल खोँच (सानो उपत्यका जस्तो) स्थान गागा भन्ने ठाउँमा सशस्त्रको बीओपी स्थापना गरिएको छ । जीतबहादुरले रेष्टुरेन्ट बनाएको घरलाई भाडामा लिएर बसेको सशस्त्र प्रहरी नजिकै तिंकर नदी बग्छ । अर्को कालापानी पट्टीबाट महाकाली नदी आउँछ । छाङरुस्थित सीतापुलमा दुई नदी मिसिन्छन् । त्यसैको दोभान क्षेत्र नै छाङरु हो । त्यो दोभानभन्दा ५०० मिटरमाथि छाङरु बस्ती छ । भारतीय सीमा क्षेत्र सीतापुलबाट भने एक

बाँकी पृष्ठ २

नीति तथा कार्यक्रम आज

# कृषिमा रोजगारी सिर्जना गरिने



■ सौर्य समाचार

काठमाडौं । कोरोना (कोभिड-१९)बाट परेको असर न्युनिकरण गर्ने गरी सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत हुँदैछ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम रहेका संघीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिए । शुक्रबार अपराह्न ४:०० बजेका लागि संयुक्त बैठक आह्वान गरिएको छ । नीति तथा कार्यक्रम प्रस्तुत हुनु अगावै ३:४५ बजे सबै सांसदलाई बैठक कक्षमा उपस्थितिका लागि अनुरोध गरिएको छ । सांसदलाई मर्यादित पोशाकमा उपस्थिति हुन आग्रह गरिएको छ । प्रतिनिधिसभामा २७५ र राष्ट्रियसभामा ५९ सांसद छन् । बैठक कक्षमा नअटे बालकोनीमा बस्ने व्यवस्था मिलाइएको छ ।

कार्यक्रममा अतिविशिष्ट, विशिष्ट गरी करिब २९ पाहुनालाई आमन्त्रण गरिएको संसद् सचिवालयले जनाएको छ । उपराष्ट्रपति, संवैधानिक निकायका प्रमुख, पूर्वप्रधानमन्त्री, प्रधानसेनापतिलगायत विशिष्ट व्यक्तिलाई आमन्त्रण गरिएको छ । कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै यसपटक कूटनीतिक नियोग तथा निजी क्षेत्रका प्रतिनिधिलाई कार्यक्रममा सहभागिताका लागि खबर नगरिएको बताइएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकारले संसद्मा तेस्रो पटक आफ्नो नीति तथा कार्यक्रम ल्याउन लागेको हो । अघिल्ला दुई वर्षका नीति तथा कार्यक्रममा समावेश भएजस्तै आर्थिक समृद्धिका कार्यक्रम आगामी आवको कार्यक्रममा समेत समेटिएको छ । सरकारले यसपटक स्वास्थ्य र भौतिक पूर्वाधारमा विशेष जोड दिएको छ भने कृषिमा रोजगारी सिर्जना गर्ने कार्यक्रम समेटेको छ ।

कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट आर्थिक, सामाजिकलगायतका क्षेत्रमा उत्पन्न संकटलाई ध्यान दिँदै सरकारले तीलगायतका विषयलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउने अन्तिम गृहकार्य गरेको हो । त्यसका लागि आज मन्त्रिपरिषद् बैठक समेत बोलाइएको छ । बैठकले अनुमोदन गरेपछि संघीय संसदमा प्रस्तुत गरिने छ । कोरोना महामारीका कारण विदेशबाट ठूलो संख्यामा नेपाली बेरोजगार बनेर नेपाल भित्रिने र स्वदेशमै समेत धेरैले रोजगारी गुमाउने निश्चित देखिएकाले कृषि उद्यममा जोड दिएर रोजगारी सिर्जना गर्ने सरकारको तयारी छ ।

'कोरोनापछिको संकटमा परेको अर्थतन्त्रको पुनरुत्थान गर्ने, विदेशबाट फर्किएका बेरोजगारलाई कृषि उद्यममा लगाएर रोजगारी सिर्जना गर्ने गरी नीति तथा कार्यक्रमको तयारी छ,' सरकारका एक प्रभावशाली मन्त्रीले जानकारी दिदै भने, 'कृषि उद्यमले मुलुकलाई आत्मनिर्भर बनाउने भएकाले परम्परागत हिसाबले

बाँकी पृष्ठ २

# मानव अधिकारमैत्री बजेट ल्याउन आग्रह

■ सौर्य समाचार




काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले सरकारले आगामी आर्थिक वर्ष २०७७र७८ को बजेट निर्माण गर्दा मानव अधिकारका आधारभूत विषयलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ। कोभिड-१९ को प्रभावबाट यस वर्ष मानव अधिकारका आधारभूत विषयमा सङ्कुचन आउने अवस्था आयोगको अनुगमनबाट देखिएको हुनाले आयोगले मानव अधिकारमैत्री बजेट बनाउन सात बुँदे सुझाव दिएको छ।

आयोगका प्रवक्ता बेदप्रसाद भट्टराईले बिहीबार जारी गरेको विज्ञप्तिमा उल्लेख भएको सातबुँदे सुझावमा नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुनिश्चित गर्न स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार ग्यारेन्टी हुनुपर्नेलगायत छन् । आयोगले किसानको अधिकार, भरपर्दो विपद् व्यवस्थापन तथा नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ का साथै दिगो विकास लक्ष्य हासिल गर्ने राज्यको दायित्व पूरा गर्न सुझाव दिएको छ।

कृषि कार्यका लागि मल, बीउ, कृषि उपकरण, कृषि उत्पादन, भण्डारण र बजारीकरण तथा सिँचाइको उचित प्रबन्ध मिलाउनुपर्ने, बेरोजगारी समस्या समाधानका साथै वैदेशिक रोजगारबाट विमुख भई फर्किने नेपाली श्रमिकको रोजगारीको सुनिश्चितताका लागि निश्चित कार्यक्रम तय गर्न सुझाव दिइएको छ।

सबै सरकारी निकायबाट प्रवाह हुने सेवा तथा कार्यक्रमलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक, सीमान्तकृत, वञ्चितीकरणमा परेका र पछाडि पारिएका समुदायको जीवनस्तरमा सुधार आउने गरी मानव अधिकारमुखी पद्धतिबाट लागू गर्नुपर्ने सुझाव छ ।सङ्घ, प्रदेश र स्थानीय तहबीच भरपर्दो समन्वय कायम गरी प्रदेशमा कम्तीमा एक हजार श्यया र प्रत्येक स्थानीय तहमा कम्तीमा १०० श्ययाको सुविधासम्पन्न अस्पताल निर्माण गर्न तथा स्वास्थ्य उपचारका लागि आवश्यक स्वास्थ्य सामग्री र चिकित्सक रहने व्यवस्था मिलाउनपर्ने सुझाव छ।

सबै तहका राष्ट्रसेवकलाई मानव अधिकारसम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकारसम्बन्धी सन्धिजनित समितिबाट सरकारलाई गरिएका सिफारिसको समयबद्धरुपमा कार्यान्वयन गर्ने आवश्यक व्यवस्था मिलाउन सुझाव दिइएको छ।

# घर गएका भाडावालहरूलाई प्रवेश निषेध

■ सौर्य समाचार

काठमाडौं। ललितपुर महानगरपालिकाको वडा नम्बर ६ मा बाहिर जिल्ला वा विदेशबाट फर्किआएका व्यक्तिरुलाई प्रवेश निषेध गरिएको छ। वडा अध्यक्ष हिटलर शाक्यले एक सूचना जारी गर्दै सो कुराको जानकारी दिएका हुन् ।

वडा अध्यक्ष शाक्यले विदेशबाट फर्किआएका व्यक्तिहरुलाई र विभिन्न कारणले घर गएका भाडावालहरुलाई घरधनीहरुले तत्काल सम्पर्क गरी आफ्नो घरमा प्रवेश गर्न नदिने जानकारी गर्न गराउन आग्रह गरेका छन् ।

वडाका घरधनीहरुले सूचना लुकाई प्रवेश दिए त्यस्ता घरमा ताला लगाई शिल गर्ने तथा क्वारेन्टाइनमा लाग्ने सम्पूर्ण खर्च घरधनीले व्यहोर्नुपर्ने बताइएको छ । त्यस्तै, संक्रमित प्रमाणित भएको अवस्थामा घरधनीले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ ।

त्यस्तै, वडाभित्रका टोल सुधार समिति, संघ संस्थाहरुलाई आ-आफ्नो टोलभित्र बाहिरी मानिसहरुको आवतजावतलाई रोक्न, टोलभित्र फलफूल, तरकारी तथा अन्य खाद्य पसलहरु तोकिएको समयमा मात्र सामाजिक दुरी कायम गरी सञ्चालन गराउन तथा संक्रमण अझै बढ्दै गएमा र आवश्यक परेको खण्डमा आ-आफ्नो टोलहरुलाई शिल गर्न अनुरोध गरिएको छ ।

## सुन्दरहरैँचा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

प्रकाशित मिति २०७७/०२/०२

### सिलबन्दी दरभाउपत्रको सूचना सच्याइएको

यस कार्यालयको मिति २०७६/१/२६ मा प्रकाशित सूचना अनुसार ठेक्का नं.SHM/MOR/W/SQ/TMSP-24-2075/076 गछिया खोला नदी नियन्त्रण कार्यको सिलबन्दी दरभाउपत्र आह्वानको सुचनामा ल इ रकम भ्याट समेतको रकम रु १६३०४६६।३३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइ यो सूचना प्रकाशित गरिएको छ।

## सबै सवारी...

पछिल्लो समय पासको दुरुपयोग गर्दै मानिसहरुको अनावश्यक रुपमा आउजाउ हुने र भिडभाड हुने गरेको गुनासो बढेका थिए । यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले समेत नाकामा कडाइ गर्नुका साथै लकडाउन खुकुलो नबनाउन यसअघिको मन्त्रिपरिषद् बैठकमा निर्देशन दिएका थिए ।

प्रधानमन्त्रीको निर्देशनसँगै बिहीबारदेखि लागू हुनेगरी एक जिल्लाबाट अर्को जिल्लामा जान नपाउने निर्णय गर्दै गृहले पास रद्द गरेको थियो । पछिल्लो समय देशभर कोरोना संक्रमित थपिँदै जाँदा संक्रमण रोकथाममा नै चुनौति थपिएको बेला गृहको यो निर्णय आएको हो ।

## बालबालिकामा...

भएको छ। तीमध्ये काठमाडौंको चन्द्रागिरि नगरपालिकामा मात्रै तीन जना कोरोना संक्रमति देखिएका छन्। यसअघि मंगलबार चन्द्रागिरिकै ३३ वर्षीया महिलालाई कोरोना संक्रमण पुष्टि भइसकेको छ । मंगलबार नै भक्तपुर बस्ने २५ वर्षिया महिला र २७ वर्षिय पुरुषलाई कोरोना भाइरसको संक्रमण भएको पुष्टि भएको हो ।

यसैबीच, ६ वर्षीया बालिका उपचार गरिरहेको टिचिङ अस्पतालको एक वार्ड पुरै सिल गरिएको छ। घाँटीमा समस्या भएपछि २७ बैशाखमा दूध डेरीको गाडी चढेर काठमाडौं आएकी उनको उपचारमा संलग्न चिकित्सकलाई आइसोलेसनमा राखिएको छ । वार्ड सिल गरी त्यहाँ कार्यारत ३८ चिकित्सक र नर्सहरूलाई आइसोलेसनमा राखिएको छ। साथै सो वार्डमा उपचार गराइरहेका पाँच जना बिरामीलाई पनि आइसोलेसनमा राखिएको छ । सबै जनाको स्वाब परीक्षणका लागि संकलन गरिएको छ।

यसैबीच, संक्रमण पुष्टि भएर विराटनगरस्थित कोभिड-१९ उपचार केन्द्रमा राखिएका थप एकजना बिहीबार डिस्चार्ज भएका छन्। केन्द्रमा राखेर उपचार हेरचाह गरिएका भारतीय नागरिक २५ वर्षीय मोहम्मद अदुबकर सुल्तान रहेको जनाइएको छ । उक्त केन्द्रमा राखिएकामध्ये उनीसहित डिस्चार्ज हुनेको संख्या १७ पुगेको छ।

## छाङरुमा...

एक किलोमिटरको दूरीमा पर्छ सशस्त्रको निगरानी चौकी । यहाँ जाडोका बेला नदीको पानी नै जम्ने र हिउँ नै हिउँले ढाक्ने हुन्छ त्यसैले मानिसहरु जाडोमा तल झर्ने गर्छन् । यहाँको सूचना आदानप्रदानका लागि सबैभन्दा ठूलो समस्या सम्पर्क सञ्जाल कै हो । छाङरु पुगेका जो कोहीको अवस्था थाहा पाउन सकिँदैन। त्यहाँ के भइरहेको छ भन्ने जानकारी ल्याउन कि भारतीय क्षेत्रमा पुग्नुपर्छ नत्र भने दार्चुला नै फर्कनु पर्छ। सशस्त्र प्रहरीलाई पनि टेलिफोनको समस्या हुनेछ। जसका कारण महत्वपूर्ण सूचना आदानप्रदानमा समस्या पर्नेछ।

मलिन आवाजमा रेडियो बज्ने भएकाले मुलुकका केही खबर प्राप्त गर्न भने सकिन्छ। पहिले यहाँ स्काई फोन टिप्ने गरेको भए पनि अहिले पुरै बन्द भएको स्थानीय सुधा बोहराले बताए । उनले भने, ‘फोन र सडक भयो भने अरू हामीलाई केही चाहिँदैन ।’ सीमा क्षेत्र सीतापुलमा भारतीय एसएसबीको टोली तैनाथ छ । त्यससँगै अलि परको बस्ती गर्ब्याङमा भारतको इन्डियन तिब्बत बोर्डर पुलिस फोर्स र एसएसबीको दुई टोली बस्छ। अलि पर रहेको छायाँलेकमा भारतीय सेना नै तैनाथ छ । सीमा क्षेत्रमा भारतीय सेना, एसएसबीको टोली र उनीहरुका गाडी तथा अन्य गाडीहरु निर्बाध रुपमा हिँडिरहेका थिए । भारतको हेलिकप्टले दिनमै पाँच, सात पटक गस्ती गर्ने गरेको छ भने लिपुलेक क्षेत्रमा आवश्यक भौतिक निर्माणका लागि डोजर, स्काभेटरलगायतका सामग्रीसमेत ओसारपसार गर्दै आएको छ । तर नेपालतर्फ गतिविधि भने शून्य छ । महाकाली नदी किनारै किनार लिपुलेकसम्मै भारतले सडक बनाइसकेको छ ।

## कृषिमा...

पनि कृषिलाई व्यवसायीकरणतर्फ अघि बढाउने सरकारको सोच छ ।’ त्यस्तै, आर्थिक वर्षबाट प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत कृषि उद्यमसँगै जोड्ने गरी परिमार्जन गर्न खोजिएको छ । विगतमा बाटो सफा गर्ने, झार उखेल्नेदेखि सामान्य काममा रोजगार कार्यक्रम उपयोग भएकोमा व्यापक आलोचना भएको थियो । तर, आर्थिक वर्षबाट भने स्वरोजगार कार्यक्रमलाई बेरोजगारहरूलाई सिँचाइ आयोजना, कृषिसँग जोडिएका परियोजनाम्बन्धी लगायतका काममा लगाउने गरी कार्यक्रम ल्याउने सरकारको तयारी छ ।

‘अहिलेको संकट, मुलुकको आवश्यकता र विगतको आलोचनासमेतलाई ध्यान दिँदै प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई विकसित रूपमा मोडिफाई गरेर सञ्चालन गर्न खोजिएको छ,’ ती मन्त्रीको भनाइ छ। कृषि उत्पादनमा कृषकको उत्पादन लागत र बजारीकरणको समेत सुनिश्चितता, कृषि अनुदान सदुपयोगको सुनिश्चितता, सहुलियत ऋणको व्यवस्था हुने गरी कार्यक्रम ल्याउने सरकारको तयारी छ । यसका लागि कृषिमन्त्री घनश्याम भुसालले नीति तथा कार्यक्रम र बजेटकै प्राथमिकतामा पार्ने उद्देश्यले लामो समयदेखि गृहकार्य गर्दै आएका थिए । त्यस्तै, दीर्घकालीन विकासको रणनीतिलाई पछ्याउँदै राष्ट्रिय गौरवका आयोजनाको प्राथमिकीकरणका आधारमा निरन्तरता, पयर्टन क्षेत्रको पुनरुत्थान, स्वास्थ्य सेवाको विस्तारलगायतलाई समेत ध्याद दिँदै नीति तथा कार्यक्रम ल्याउने सरकारको तयारी छ ।

## सुन्दरहरैँचा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

प्रकाशित मिति २०७७/०२/०२

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयको मिति २०७६/१०/०७ न्यू सृष्टी दैनिक पत्रिकामा मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार म्याद भित्र रितपुर्बक दर्ता भएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र सार्बजनिक खरिद ऐन २०६३, को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट भएकोले सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ यस कार्यालयको मिति २०७७/०२/०१ को निर्णय अनुसार यो बोलपत्र स्वीकृत आषयको सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको बिबरण | न्युनतम् मुल्याङ्कित बोलपत्रदाता | न्युनतम् मुल्याङ्कित रकम VAT समेत |
|---|---|---|---|
| SHM/MOR/NCB/PMF/W - 26/2076/077 | गोठगाँउ-मृगौलिया-मजुवा-बेलडाँगी सडक कालोपत्रे | गोविन्द निर्माण सेवा बिराटनगर मोरङ | 10930600.74 एक करोड नौ लाख तिस हजार छ सय पैसा चौरहत्तर |
| SHM/MOR/NCB/W - 27/2076/077 | जस्ता पाता खरिद तथा सप्लाई | हुलास स्टिद्य प्रा ली काठमाण्डौ | 5950128. उनन्साठी लाख पचासलाख एक सय अट्ठाइस मात्र |

## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दिक्तेल खोटाङ

प्रदेश नं. १, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/०२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका अन्तर्गत तपसिल अनुसारको निर्माण कार्य खरिद राष्ट्रिय स्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया e-GP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कर्यालयको वेब साईट www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रू.(भ्याट, कन्टिन्जेन्सि बाहेक) | बोलपत्र जमानत रकम रू. | बोलपत्र फारम खरिद दस्तुर रू. |
|---|---|---|---|---|---|---|---|
| 1 | 14/DRM/NCB/2076/077 | Diktel Rupakot Majhuwagadhi Municipality Administrative Building Construction | 2077/03/01 दिनको १२:०० बजे सम्म | 2077/03/01 दिनको २:०० बजे सम्म | 1,16,89,289/- | 3,00,000/- | 3,000/- |

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्ताव आवह्वान सम्वन्धी दोस्रो पटक प्रकाशित सूचना

प्रकाशन मिति २०७७/०२/०२

होमस्टे सञ्चालन तथा स्थापनाका लागि जाजरकोटको भेरी नगरपालिका -१ मा रु २० लाख वजेट विनियोज भएकोमा कार्यालयले मिति २०७६/०९ /२० गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा पहिलो पटक १५ दिने सूचना प्रकाशन गर्दा कार्यालयमा आएका प्रस्तावहरु अध्यायन गर्दा कसैको पनि रितपुर्वक प्रस्ताव नदेखिएकाले पुनः ७ दिने दोस्रो पटक सूचना प्रकाशित गरि प्रस्ताव आवह्वानका लागि जानकारी गरिएको छ । सूचनाको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस भएकोले व्यहोरा सवैको जानकारीका लागि अनुरोध छ।

डिभिजन वन कार्यालय, जाजरकोट

## Invitation for Bids

**Kanepokhari Rural Municipality**

**Bayarban, Morang**

**IFB no:-** EGP/KRM/20/076/077

**Bid Publication Date: 2020/05/15**

| Project Title | Contract No. | Cost of Bid Document (Bank Deposit) | Bid Security/Bank Deopsit | Last date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|
| Supplying ,Transporting Of Coloured CGI Sheet | EGP/NCB/KRM/ 28/076/077 | Rs.3,000.00 NIC ASIA Bank Ltd., Ramailo Branch A/C No. 133CA50021460002 (Rajswa) | Not less than Rs.65,000.00 NIC ASIA Bank Ltd., Ramailo Branch A/C No. D3CA000455752407 (Dharauti) | 2020/06/14 12:00 Noon | 2020/06/14 2:00 PM |
| Supplying,Transporting of Hume pipe | EGP/SQ/KRM/ 29/076/077 | Rs.1,000.00 NIC ASIA Bank Ltd., Ramailo Branch A/C No. 133CA50021460002 (Rajswa) | Not less than Rs.36,000.00 NIC ASIA Bank Ltd., Ramailo Branch A/C No. D3CA000455752407 (Dharauti) | 2020/05/31 12:00 Noon | 2020/05/31 2:00 PM |

**Note : For Further details and Downloading of Tender Documents, Please visitwww.bolpatra.gov.np/egp**

# भारतबाट आएका सबैको पिसिआर नेगेटिभ




■ हृदय भुसाल

अर्घाखाँची । नेपाल-भारत सीमा क्षेत्र नौतुनाको क्वारेन्टाइनमा २७ दिन बसी नेपाल आई स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा पुनः १६ दिन बसेका १ सय २७ जनाकै पिसिआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको अर्घाखाँची अस्पतालका प्रमुख डाक्टर कपिल गौतमले जानकारी दिएका छन् ।

विभिन्न चरणमा जिल्लाका स्थानीयतहले निर्माण गरेका क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको पटकपटक गरी पिसिआर १ सय २७ र आरडिटी २ सय १४ जनाको परीक्षण गर्दा यो समाचार तयार पार्दासम्म ३ सय ४१ जनाको रिपोर्ट नेगेटिभ आएको डाक्टर गौतमले बताए । डाक्टर गौतमका अनुसार जिल्लामा पिपिई र स्वास्थ्य सामग्रीको आवश्यक व्यवस्थापन गरेको र सय पिस जति पिपिई अझै स्टक नै राखेको बताए । गौतमले भने, 'प्रदेश-५ बढ्दो संक्रमणले अर्घाखाँची पनि थप जोखिममा छ, सबै सतर्क रहन र घरमै होम क्वारेन्टाइनमा बस्न जरुरी छ, आफू सचेत बनौं र अरूलाई पनि सचेत बनाउँ, विपत्लाई सबै मिलेर सामना गर्नुपर्छ । सबैले सरकारको नियमलाई कडाइपूर्वक पालना गरौं । समस्या भए जतिबेला पनि खबर गर्नुस्, हामी सेवाका लागि २४ घण्टा तयार छौं ।'

रिपोर्ट नेगेटिभ आएपछि लामो समयदेखि क्वारेन्टाइनमा बसेकालाई घरमा पठाइएको स्रोतले जनाएको छ । उनीहरूको पिसिआर परीक्षणका लागि प्रादेशिक प्रयोगशाला बुटवल पठाइएको थियो । धेरै दिनपछि घर जान पाउँदा निकै खुसी लागेको मालारानी गाउँपालिका-५ वागी निवासी २५ वर्षीय सुरज जिसीले बताए । जिसीले भने, 'हामीहरूले सरकारको नियमलाई पूर्ण पालना गर्‍यौं । सबैले अनुशासनपूर्वक नियम पालना गरे कोरोनालाई सहजै जित्न सकिन्छ । सबै सचेत बन्नुपर्छ, भारतदेखी नेपालको क्वारेन्टाइनमा बस्दा सहयोग गर्ने सबैलाई धन्यवाद ।'

# प्रदेश-५ मा ९२ जना संक्रमित

## विभिन्न अस्पतालमा उपचार हुँदै

■ विकाश पराजुली

बुटवल । प्रदेश-५ मा हाल ९३ जना कोरोना संक्रमित पुष्टि भइसकेको छ। जसमध्ये रूपन्देही कोटईमाई गाउँपालिकाका २५ वर्षीय युवा उपचारपछि घर फर्किएका छन् । बाँकी ९२ जनाको प्रदेशका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

संक्रमितहरू अधिकांश लकडाउनको समयमा भारतीय सीमाबाट लुकिछिपी नेपाल प्रवेश गरेका थिए । हालसम्म जिल्लागत हेर्दा कपिलबस्तु जिल्लामा सबैभन्दा धेरै संक्रमित छन् । त्यहाँ ३९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ३९ जना मध्ये एक जना स्वास्थ्यकर्मी, चार जना सुरक्षाकर्मी र दुई जना कर्मचारीसमेत रहेका छन् ।

त्यस्तै रूपन्देहीमा २८, बाँकेमा २५, बर्दिया र नवलपरासीमा एक/एक संक्रमित रहेका छन् । संक्रमितका कारण अहिले प्रदेश-५ मा तयार भएका कोरोना विशेष अस्पताल मध्ये दाङको बेलझुण्डीबाहेक सबै अस्पतालका बेड भरिएका छन् । प्रदेश सरकारले बुटवलको धागो कारखाना, बाँकेको सुशील प्रखर क्यान्सर अस्पताल, दाङको बेलझुण्डीस्थित कोरोना विशेष अस्पताल र भैरहवास्थित भीम अस्पताललाई कोरोना विशेष अस्पतालको रूपमा विकास गरिएको छ ।

बुटवलको धागो कारखानामा रहेको कोरोना विशेष अस्पतालमा रूपन्देहीका ११ र कपिलबस्तुका २५ जना गरी ३६ जना रहेका छन् । पाँच बेडको आइसियुसमेत यो अस्पतालमा रहेको छ । भैरहवास्थित भीम अस्पतालमा १९ जनाको उपचार भइरहेको छ । ३० बेड रहेको भीम अस्पतालमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका चार, गैडहवा गाउँपालिकाका १०, कपिलबस्तुका तीन जना र भीम अस्पतालमै कोरोनो पोजेटिभ देखिएका दुई जना गरी १९ जनाको उपचार भइरहेको छ । भीम अस्पतालमा कोरोना पोजेटिभ देखिएका




एक जना भारतीय र एक जना कपिलबस्तुका हुन् । त्यस्तै बाँके नेपालगञ्जस्थित सुशील प्रखर क्यान्सर अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । त्यहाँ बाँकेका २५ जना र बर्दियाको एक जनाको उपचार भइरहेको छ । त्यो बाहेक परासी अस्पतालमा एक र कपिलबस्तु जिल्ला अस्पतालमा एक जनाको उपचार भइरहेको स्वास्थ्य निर्देशनालयका प्रवक्ता रोशनलाल चौधरीले जानकारी दिए । संक्रमित भएका व्यक्तिमा संक्रमणको लक्षण भने छैन । उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ ।

अझै प्रदेश-५ मा कोरोना संक्रमितको संख्या बढ्ने आँकलन गरिएको छ । भारतीय सीमा क्षेत्रबाट लुकिछिपी नेपाल प्रवेश गर्नेहरू बढी रहेकाले संक्रमितको संख्या अझै बढ्ने आँकलन गरिएको हो । संक्रमितको संख्या बढ्दै जाने हो भने अहिले भइरहेका आइसोलेसन अस्पतालमा संक्रमितको उपचार गर्न बेड अभाव हुने निश्चित भएपछि बुटवलको कोरोना विशेष अस्पतालमा सय बेड थप गर्ने तयारीसमेत भइरहेको छ ।

प्रवक्ता चौधरीले तीन दिनअघि प्रदेश-५ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्री लीला गिरीको संयोकत्वमा बसेको बैठकले बेड थप गर्ने निर्णय गरेको र त्यसको तयारी भइरहेको जानकारी दिए ।

हाल कोरोना विशेष अस्पतालमा पनि स्वीकृत बेड संख्यासमेत तयार हुन सकेका छैनन् । बुटवलमा सुरुआती चरणमा सय बेड भनिए पनि जम्मा ३६ बेड तयार भएका छन् । भीम अस्पतालमा ५० बेड स्वीकृत भए पनि आइसियुसहित ३५ बेड मात्र छन् । त्यस्तै सुशील प्रखर क्यान्सर अस्पतालमा ५० बेड स्वीकृत भएकोमा जम्मा २६ बेड तयार रहेको छ । बेलझुण्डीमा दुई आईसियुसहित ८८ बेड रहेका छन् ।

त्यसैगरी बर्दियाकी ११ वर्षीया बालिकालाई दाङको बेलझुण्डीमा तयार भएको कोरोना विशेष अस्पतालमा लैजाने तयारी भइरहँदा दाङको शान्तिनगर गाउँपालिकाले विज्ञप्ती निकाल्दै विरोध जनायो । त्यसपछि त्यी संक्रमित बालिकालाई सुशील प्रखर क्यान्सर अस्पतालमा लगिएको थियो । प्रदेश-५ का तराईका जिल्ला मध्ये दाङमा अहिलेसम्म संक्रमण नदेखिएकाले गाउँपालिकाले विज्ञप्ती निकाल्दै संक्रमितलाई दाङ ल्याउने दुष्प्रयास नगर्न चेतावनी दिएको थियो । तर, अहिले भने कपिलबस्तुका सुरक्षाकर्मी र कर्मचारीलाई बेलझुण्डी कोरोना विशेष अस्पतालमा लैजाने तयारी भइरहेको स्वास्थ्य निर्देशनालय प्रदेश-५ का प्रवक्ता रोशनलाल चौधरीले जानकारी दिए । यहाँका अस्पतालका सबै बेड भरिएकाले बेलझुण्डीमा पनि संक्रमित लैजानुको विकल्प नभएको भन्दै संक्रमित लैजान छलफल भइरहेको उनले जानकारी दिए ।

यसै क्रममा लुकिछिपी नेपाल प्रवेश गरेका कारण प्रदेश-५ मा क्वारेन्टाइनमा बस्नेहरूको संख्या पनि बढिरहेको छ । बुधबार राती आठ बजेको तथ्यांकअनुसार प्रदेश-५ मा ८ हजार २ सय १९ जना क्वारेन्टाइनमा रहेका छन् । स्वास्थ्य निर्देशनालय प्रदेश-५ का अनुसार सबैभन्दा बढी कपिलबस्तुमा ४ हजार १ सय २६ जना रहेका छन् । त्यो बाहेक बाँकेमा ७ सय ४८, बर्दियामा ४ सय ५१ जना, अर्घाखाँचीमा ३३, रूपन्देहीमा १ हजार २ सय ४, पाल्पा ४८, गुल्मी ४९, नवलपरासी ३ सय २५, दाङ ८१, रोल्पा २ सय ९, रुकुम पूर्व २७ र प्युठानमा ९ सय १८ जना क्वारेन्टाइनमा रहेका छन् ।

हालसम्म प्रदेशमा चार हजारभन्दा बढीको स्वाब परीक्षणका लागि नमुना ल्याइएको छ । स्वास्थ्य निर्देशनालका अनुसार बुधबार आठ बजेसम्म ४ हजार १ सय २० जनाको नमुना लिइएको हो ।

जसमध्ये ९३ जनाको रिपोर्ट पोजेटिभ, ३ हजार ३ सय ७८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । बाँकी ६ सय ४९ जनाको रिपोर्ट आउन बाँकी छ । स्वाब परीक्षण राष्ट्रिय प्रयोगशाला काठमाडौं, प्रदेश प्रयोगशाला भैरहवा, भेरी अस्पताल, राप्ती हेल्थ साइन्स र गण्डकी प्रदेश प्रयोगशालामा भइरहेको छ । आरबिटी टेस्ट भने प्रदेश-५ मा ७ हजार ९ सय १५ जनाको गरिएको छ । त्यसमध्ये १५ जनामा आरबिटीमा पोजेटिभ देखिएको थियो ।

# खाद्य संस्थानमा चामल सकिँदै

■ कृष्णप्रसाद अधिकारी

दैलेख : जिल्लास्थित खाद्य संस्थानको डिपोमा अहिले चामल सकिन लागेको छ । ११ चैतबाट सरकारले लकडाउन गरेसँगै यस क्षेत्रका विपन्न तथा गरिब परिवारलाई सस्तो र गुणस्तरीय खाद्यान्न बिक्री गरेसँगै खाद्यान्न सकिन लागेको हो ।

लकडाउन पूर्व हप्तामा दुई दिन खुल्ने डिपो हाल दैनिक रूपमा खुल्ने गरेको छ । डिपोमा यस वर्षको कोटा अनुसारको चामल वैशाखमै सकिन लाग्दा जिल्लामा खाद्य अभाव हुने निश्चित प्रायः छ ।



स्थानीय बजारमा महँगो चामल किनेका जिल्लावासीले संस्थानबाट सस्तो र गुणस्तरीय चामल किन्न पाएपछि खाद्य संस्थानको गोदाममा चामलको कमी भएको हो । लकडाउनपूर्व १४ सय ५० क्विन्टल चामल मौज्दात रहेकोमा लकडाउनको समयमा मात्र १२ सय क्विन्टल चामल बिक्रि भएको छ । अब गोदाममा २ सय ५० क्विन्टल चामल मात्र मौज्दात रहेको खाध्य संस्थान दैलेखले जनाएको छ ।

गोदाममा बचेको २ सय ५० क्विन्टल चामल, आपतकालीन अवस्था र कारागारका लागि मौज्दात राख्नुपर्ने देखिएपछि चामलको कोटा थप गर्न दुईपटक सम्बन्धित स्थानमा दैलेख शाखाले परिपत्र गरिसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेख शाखाका प्रमुख रणबहादुर ऐरीले जानकारी दिए ।

कोरोना भाइरसको संक्रमणबाट जोगिन सरकारले लकडाउनको घोषणासँगै बजारका पसल बन्द भएको र बजारभन्दा खाद्य संस्थानमा सस्तो र राम्रो चामल पाइएपछि खरिद गर्नेहरूको संख्या बढेको यहाँका स्थानीयले बताएका छन् । एकातिर लकडाउन थपिँदै जाने अर्कोतिर खाद्य संस्थानमा

सम्बन्धित स्थानबाट माग भएको खाद्यान्न नआउने हो भने जनताले भोकमरी खेप्न वाध्य हुनेछन् । यो वर्ष २ हजार ३ सय क्विन्टल मध्ये जम्मा २ सय ५० क्विन्टल मात्र गोदाममा मौज्दात रहेकोले जन मागअनुसार असार मसान्तसम्मका लागि र भैपरी आउने अवस्थाको लागि १ हजार ५ सय क्विन्टल खाद्यान्न माग भएको छ ।

जिल्लाका विभिन्न दुर्गम स्थानीयतह मध्ये नौमूले ६ सय क्विन्टल, आठबीसमा ३ सय ६० क्विन्टल र भगवतीमाईमा ६० क्विन्टल, नारायण नगरपालिका-१ मा १० क्विन्टल पठाएको थियो । अब राहत वितरणका लागि दैलेखका ११ वटै स्थानीयतहबाट चर्को माग उठन थालेको छ ।


पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र तथा प्रस्ताव स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति : २०७७।०२।०२

यस पञ्चेश्वर गांउपालिकाको मिति २०७६।१२।०१ मा प्रकाशित प्रस्ताव पेश गर्ने तथा मिति २०७६।१२।२४ मा प्रकाशित बोलपत्रको सूचना अनुसार निम्न निर्माण तथा परामर्श सेवा खरीद कार्यको लागी बोलपत्रतथा प्रस्ताव आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्र तथा प्रस्ताव मध्ये तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्बजनिक खरीद ऐन २०६३ को दफा २७ को उप दफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्र तथा प्रस्ताव दाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का/प्रस्ताव नं. | वोलपत्रको विवरण | छनौट भएका बोलपत्र दाताको नाम | कबोल रकम रू (भ्याट र PS सहित) |
|---|---|---|---|
| WB-03/2076/077 | Construction of Ward Office Building, Ward-2 | Shahi Nirman Sewa | 97,29,280.35 |
| WB-04/2076/077 | Construction of Ward Office Building, Ward-5 | Mahadev Construction | 84,78,529.97 |
| RC-05/2076/077 | Kulau- Paladi- Dharmaghat Road Construction | Shahi Nirman Sewa | 23,24,317.55 |
| RC-06/2076/077 | Mada to Bagrethi Road Construction | Sukra Kamali Nirman Sewa | 48,42,930.09 |
| RC-07/2076/077 | Gwallek Road Construction | Mahadev Construction | 28,37,776.04 |
| प्रस्ताव | सामुदायिक भूमि व्यवस्थापन तथा कृषि प्रवर्द्धन कार्यक्रम | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | 49,91,600.00 |

प्रमुख प्रशासकीय अधिकृत



NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वितीय संस्था लि.

**Quarterly Financial Statement**

**At the quarter ended Chaitra, 2076**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 8,161,830 | 6,905,588 | 5,087,327 |
| 1.1 | Paid-up Capital | 1,004,500 | 1,004,500 | 490,000 |
| 1.2 | Reserves and Surplus | 227,509 | 218,857 | 72,867 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 5,606,005 | 4,715,168 | 3,939,593 |
| 1.5 | Deposits (a+b) | 1,013,883 | 794,945 | 452,550 |
| 1.6 | Income Tax Liabilities | 52,622 | 47,691 | 220 |
| 1.7 | Other Liabilities | 257,311 | 124,427 | 132,098 |
| 2 | Total Assets (2.1 to 2.7) | 8,161,830 | 6,905,588 | 5,087,327 |
| 2.1 | Cash & Bank Balance | 182,248 | 58,699 | 679,860 |
| 2.2 | Money at call and short Notice | 203,395 | 657,359 | - |
| 2.3 | Investments | 298,304 | 698,304 | 150,000 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 7,228,274 | 5,348,084 | 4,178,413 |
| 2.5 | Fixed Assets | 43,485 | 28,994 | 28,817 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 206,124 | 114,148 | 50,238 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 627,304 | 423,968 | 354,678 |
| 3.2 | Interest Expense | 356,172 | 203,479 | 137,747 |
| A | Net Interest Income (3.1-3.2) | 271,132 | 220,489 | 216,931 |
| 3.3 | Fees Commission and Discount | 82,428 | 35,564 | 80,026 |
| 3.4 | Other Operating Income | - | - | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | Total Operating Income (A+3.3+3.4+3.5) | 353,560 | 256,053 | 296,957 |
| 3.6 | Staff Expenses | 57,734 | 33,395 | 29,761 |
| 3.7 | Other Operating Expenses | 62,790 | 36,574 | 104,572 |
| C | Operating profit Before Provision (B-3.6-3.7) | 233,036 | 186,084 | 162,624 |
| 3.8 | Provision for Possible Loss | 38,140 | 11,218 | 39,344 |
| D | Operating profit (C-3.8) | 154,855 | 162,651 | 123,280 |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| E | Profit From Regular Activities (D+3.9+3.10) | 194,895 | 174,866 | 123,280 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | Profit Before Bonus and Taxes (E+3.11) | 194,895 | 174,866 | 123,280 |
| 3.12 | Provision For Staff Bonus | 19,490 | 15,897 | 11,207 |
| 3.13 | Provision For Tax | 52,622 | 47,691 | 33,622 |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 122,784 | 111,278 | 78,451 |
| 4 | Ratios | | | |
| 4.1 | Capital Fund to RWA | 16.17% | 20.04% | 13.45% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.32% | 0.52% | - |
| 4.3 | Total Loan Loss Provision to total NPL | 164.00% | 18.30% | - |
| 4.4 | Cost of Funds | 10.30% | 9.17% | 10.28% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 712.93% | 672.76% | 923.30% |

Loans and investment are presented on gross basis, loss provisions are included on other liabilities.
Figures have been regrouped/rearranged wherever necessary.
Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory authorities.

# बेनिशालाई किस सिनले आपत पाऱ्यो

■ सौर्य समाचार



काठमाडौं । चलचित्र 'भ्यानाकुटी' हलमा लागेर उत्रिएको झण्डै साढे दुई वर्ष भयो । तर, नायिका बेनिशा हमाललाई चाहिँ फिल्म भर्खर रिलिज भएको जस्तो 'फिल' आइरहेको छ । कारण हो, यूट्यूवमा चलचित्र अपलोड भएपछि पाएको रेस्पोन्स ।

कोरोनाको त्रास र लकडाउनले गर्दा चलचित्रसम्बन्धी सबै गतिविधि ठप्प छन् । घरभित्रै थन्किएका नेपाली चलचित्रका दर्शकहरु यतिबेला झुम्मिएका छन् यूट्यूवमा । लकडाउनकै दर्शकलाई लक्ष्यित गरेर केही नेपाली चलचित्र यूट्यूवमा राखिए । जसमध्ये भ्यानाकुटीले राम्रो चर्चा पाएको छ ।

सिमोस सुनुवार निर्देशित 'भ्यानाकुटी' १५ दिन अगाडि यूट्यूवमा अपलोड गरिएको थियो । त्यसयता यस चलचित्रले ४८ लाखभन्दा बढि भ्यूज प्राप्त गरिसकेको छ । धेरै दिनसम्म नेपालको ट्रेन्डिङको शिर्ष स्थान यसले कब्जा गऱ्यो भने अहिले ३ नम्बरमा छ । यसमा करिब साढे चार हजार प्रतिक्रिया आएका छन् । अधिकांस प्रतिक्रिया सकारात्मक छन् । हलमा लाग्दा अपेक्षित सफलता नपाएको चलचित्रले यूट्यूवमा हिट भएपछि निर्माण पक्षलाई सान्त्वनासम्म मिलेको छ ।

प्रतिक्रियाहरु हेर्दा सबैभन्दा बढि प्रशंसा बेनिशाले पाएकी छन् । सौगात मल्लको उत्कृष्टता त पहिल्यैदेखि देखिँदै आएको हो । बेनिशाले यो चलचित्रमार्फत फरक खालको चरित्रमा आफूलाई प्रमाणित गरिन् । अहिले पाइरहेको प्रतिक्रियाबाट उनी मख्ख छिन् ।

'मलाई यो चलचित्र युट्यूवमा हालिएको थाहै थिएन,' उनी भन्छिन्, 'एकाएक धेरै जनाको सन्देश र प्रतिक्रिया आउन थालेपछि अचम्म लाग्यो । अनि पो यूट्यूवमा हालिएको चाल पाएँ ।' बेनिशालाई फेसबुक, इन्स्टाग्रामदेखि टिकटकसम्म दर्शकका सन्देशहरु प्राप्त भएका छन् । यो क्रम अहिले पनि जारी नै छ । 'सामाजिक सञ्जालमा मैले जे पोष्ट गर्दा पनि दर्शकले भ्यानाकुटीकै बारेमा लेख्नुहुन्छ, धेरै नयाँ दर्शकले फ्लो गर्न थाल्नुभएको छ,' उनले भनिन् ।

**किस सिनले आपत्**

भ्यानाकुटीको क्लाइमेक्स आम चलचित्रहरुभन्दा फरक छ । क्लाइमेक्समा बेनिशा र सौगातबीच 'डिप किस' पनि हेर्न पाइन्छ । यही सिनले गर्दा अहिले पनि बेनिशालाई आपत् परिरहेको छ । उनले परिवारसँग बसेर यो फिल्म हेर्न सकेकी छैनन् ।

निर्देशक सिमोसले सुरुमा नै बेनिशालाई यो सिनका लागि 'कन्भिन्स' गरेका थिए । निर्देशकले 'कथाले मागेको एकदमै महत्वपूर्ण दृश्य' भनिसकेपछि बेनिशा राजी भइन् । त्यसो त यसअघि पनि उनले 'कालोपोथी' मा किस सिन दिएकी हुन् । सौगातसँगको किस सिन पर्दामा हेर्दा उनलाई असाध्यै लाज लागेको थियो । बेनिशाले सुनाइन्, 'मैले हलमा साथीहरुसँग फिल्म हेरेकी थिएँ । त्यो सिन आएपछि दर्शकले हुटिङ गर्न थाल्नुभो । साइडमा बसेका साथीहरुले पनि चिमाट्नु भो ।

म लाजले भुतुक्कै भएँ ।' यही दृश्यका कारण उनले परिवारका सदस्यलाई आफूसँग फिल्म हेराउन लैजान सकिनन् । अहिले यूट्यूवमा आएपछि घरमा सबैले हेरे, तर उनले सँगै बसेर हेरिनन् । फिल्म हेरेपछि आमा र दिदीले उनलाई यति मात्रै भनेछन्, 'अब चाहिँ सकभर यस्तो सिन नगर्नु है ।'

# 'जुनुको जुत्ता'लाई 'बेस्ट चिल्ड्रेन शर्ट' अवार्ड

■ सौर्य समाचार



काठमाडौं । रंगकर्मी केदार श्रेष्ठ निर्देशित फिल्म 'जुनुको जुत्ता'ले 'बेस्ट चिल्ड्रेन शर्ट' अवार्ड हात पारेको छ । फिल्मले हालै 'लस एन्जेलस इन्टरनेशनल फिल्म फेस्टिभल २०२०' को 'इन्डी शर्ट फेस्ट' अन्तर्गत छोटो फिल्म विधामा यो अवार्ड हात पारेको हो ।

फिल्म चप्पल उल्टो लगाउने सानी नानीको कथा बनेको हो । आफ्ना वरिपरिका आमा, शिक्षक लगायत ठूलाठालूले भन्ने गरेका कथित 'सुल्टो' नलगाउँदा पाएको नमिठो गाली पछि उनले जुत्ता उल्टो नलगाउन गरेको प्रयासमानै फिल्म केन्द्रीत रहेको छ ।

फिल्म यहि जेठ ३ गते 'इन्टरनेशनल सर्ट फिल्म फेस्टिभल ओवरहउसेन'मा पनि प्रदर्शन हुँदैछ । यस फेस्टिभलमा 'जुनुको जुत्ता' अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको ' चिल्ड्रेन्स एण्ड युथ फिल्म कम्पिटिशन' विधा अन्तर्गत छनौट भएको निर्देशक श्रेष्ठले जानकारी दिए ।

फिल्मले 'काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव २०१९' मा नेपाल प्यानोरमा अन्तर्गत 'बेस्ट फिक्सन अवार्ड' जितेको थियो भने गत माघमा आयोजित 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२०' मा पनि यसले 'स्पेसल जुरी मेन्सन अवार्ड' हात पारेको थियो ।

ह्यापी ह्यूज प्रोडक्सन, थिएटर मल र थिएटर सेन्टर फर चिल्ड्रेन नेपालको संयुक्त निर्माण रहेको 'जुनुको जुत्ता' लाई यशु श्रेष्ठको बालकथाबाट प्रभावित भएर निर्देशक श्रेष्ठ स्वयंले लेखेका हुन् । विभु पौडेल निर्माता रहेको फिल्ममा सरुन मानन्धरको छायाँकन रहेको छ । विप्लपराज पोखरेल सम्पादित फिल्मको कार्यकारी निर्माता मधुसुदन रिमाल, शुशीला अधिकारी, सन्तोषी श्रेष्ठ र बद्री श्रेष्ठ हुन् । फिल्ममा हिस्सी लामा, याङ्जी लामा शेर्पा, पासाङ ल्हमू लामा लगायतको अभिनय छ ।

# 'मलाई कसैको पति चाहिँदैन'

■ एजेन्सी



मुम्बई । बलिउड अभिनेत्री सनी लियोन बोल्ड सीनका कारण मात्र होइन निडर बयानका कारण पनि निकै चर्चामा आउने गर्छिन् । सनी लियोन प्रायः फिल्म उद्योग र समाजको सोचलाई लिएर विभिन्न धारणा व्यक्त गरिरहेकी हुन्छिन् । उनलाई बलिउडमा विभिन्न आरोप पनि लाग्ने गर्छन् । पूर्व पोर्न स्टार भएकाले उनलाई धेरैले विभिन्न प्रकारले आलोचना पनि गर्ने गर्छन् ।

उनलाई धेरैले भारतमा 'पोनोग्राफी' बढाउन जिम्मेवार भएको समेत आरोप लगाउँछन् । जसको कारण श्रीमान-श्रीमतीबीच पनि झैझगडा हुने गरेको बताउँछन् ।

यस्तो आरोपको पनि सनी लियोनले जवाफ दिएकी थिइन् । उनले भनेकी छिन्, 'सबै महिलाहरु १ मलाई कसैको पनि पति चाहिँदैन । मँसँग निकै राम्रो र मलाई धेरै माया गर्ने श्रीमान छन् ।'

यस्तै, सनी लियोनले न्यूड महिलालाई अश्लिल मान्न नहुने बताएकी छिन् । उनले आफ्नो करियरको सुरुवातमा न्यूड मोडललाई देख्दा निकै सुन्दर लागेको बताएकी छिन् ।

उनले एक अन्तरवार्तामा भनिन्, 'जब मैले पहिलो पटक न्यूड मोडलको तस्बिर देखेँ तब मलाई निकै सुन्दर र सेक्सी लागेको थियो ।'

# को बन्ला विकास बोर्डको अध्यक्ष ?

■ सौर्य समाचार




काठमाडौं । चलचित्र क्षेत्रको सर्वोच्च संस्था चलचित्र विकास बोर्डको अध्यक्ष पदको लागि १० जनाले आवेदन दिएका छन् ।सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले केही समय अगाडि एक सूचना प्रकाशन गर्दै बोर्ड अध्यक्षका लागि आवेदन माग गरेको थियो ।

सूचना अनुसार गत मंगलबार आवेदन दिने अन्तिम मिति थियो । उक्त मितिसँग भगवती कुमारी मैनाली, अभिनेता भुवन केसी, राजेश थापा, अर्जुन कुमार डंगोल, दयाराम दाहाल, ध्यान बहादुर राई, परशुराम चौधरी, सोहित मानन्धर, राजेन्द्रकुमार उप्रेती र दिपक श्रेष्ठले अध्यक्ष पदका लागि आवेदन दर्ता गराएका छन् ।

व्यवसायिक कार्ययोजना, कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको आधारमा अध्यक्ष चयन गरिने बताइए पनि राजनीतिक चलखेलमा नियुक्ति हुने गरेको छ ।

आवेदन दिने अधिकांश उमेद्वारहरु आफू अध्यक्ष हुनका लागि अहिले विभिन्न शक्ति केन्द्र धाइरहेका छन् ।

आवेदन दिने मध्य यो पटक निर्देशक दयाराम दाहाल अध्यक्षका बलियो दावेदारको रुपमा हेरिएको छ । नेकपाको साँस्कृतिक भातृ संगठन जनपक्षीय चलचित्रकर्मी संघले पनि दाहालको नाम अध्यक्षको लागि सिफारिस गरेको छ ।

दाहाल बाहेक भुवन केसी, सोहित मानन्धर र अर्जुन कुमार पनि अध्यक्षका लागि बलियो दावेदार मानिन्छन् । यी तीनै व्यक्ति पनि नेकपाका नेताहरुसँग नजिक मानिएका छन् । त्यसैले पनि अध्यक्ष को बन्छ भनेर अहिले नै भन्न सकिने अवस्था रहेको छैन ।

गत मंसिर २९ गते अध्यक्ष केशव भट्टराईको असामयिक निधन तभएपछि खाली रहेको उक्त पदले राजनीतिक चलखेलकै कारण समयमै योग्य व्यक्ति पाउन नसकेको हो ।

# दीपकको नयाँ योजना पनि अन्योलमा



■ सौर्य समाचार

काठमाडौं । कलाकार दीपकराज गिरीको नयाँ चलचित्रको योजना पनि अन्योलमा परेको छ । कोरोना संक्रमणका कारण चलचित्र हलहरु बन्द भएपछि 'छक्का पञ्जा'को सिरिज थाँती राखेर अरुको ब्यानरको चलचित्रमा सहकार्य गर्ने योजना बनाए पनि कोरोना संक्रमण झन बढेपछि दीपकको नयाँ योजना पनि अन्योलमा परेको हो ।

'संक्रमितको संख्या खासै नबढेको र लकडाउन पनि खुकुलो हुँदै गएपछि अरुको ब्यानरमा काम गर्ने कि भन्ने योजनामा थिएँ,' दीपक भन्छन्, 'तर केही दिन यता ठूलो संख्यामा कोरोना संक्रमित थपिए पछि अब यो योजना पनि अगाडि बढ्न सक्तैन ।'

अरुको ब्यानरको नयाँ चलचित्रमा काम गर्ने सम्बन्धमा उनले तीनजना निर्मातासँग छलफल गरिसकेका थिए । तर स्क्रिप्ट राम्रो हुनुपर्ने अन्यथा काम नगर्ने आफूले सर्त राखेको दीपक बताउँछन् ।

दसैंमा रिलिज गर्नेगरि दीपकले 'छक्का पञ्जा'को सिरिजको स्क्रिप्ट लेख्दै थिए । जेठको पहिलो हप्ताबाट छायांकनमा जाने तयारी थियो । लकडाउन लम्बिदै जाँदा चलचित्रको बजार दसैंसम्म पनि सहज नहुने देखिएपछि दीपक स्क्रिप्ट लेखन बीचमै थाँती राखेर बसेका छन् ।

|| खेलकुद ||

# सुदूरपश्चिमका खेलाडीले पाएनन् पुरस्कार रकम

■ सौर्य समाचार



काठमाडौं ।धनगढीमा २०७५ साल चैत्रमा सम्पन्न मुख्यमन्त्री कप अन्तर प्रदेश खेलकुद प्रतियोगिता च्याम्पियन टोली सुदूरपश्चिम प्रदेशका खेलाडीले अझै पुरस्कार रकम पाएका छैनन् ।

उक्त प्रतियोगितामा आयोजक सुदुरपश्चिम प्रदेश ३ स्वर्ण, १ रजत र ३ कास्य सहित च्याम्पियन बन्दा प्रदेश नम्बर १ दोस्रो र प्रदेश नम्बर ५ तेस्रो भएका थिए । च्याम्पियन टोलीले १५ लाख, दोस्रो हुने टोलीले ८ लाख र तेस्रो हुने टोलीले ५ लाख प्राप्त गर्ने जनाईएको थियो । प्रदेश १ र प्रदेश ५ ले पुरस्कार राशी पाइसकेका छन् । तर च्याम्पियन आयोजक सुदूरपश्चिमका खेलाडीले अहिले सम्म पुरस्कार रकम पाएका छैनन् ।

पुरस्कार पाउने आशा मर्न थालेपछि खेलाडीले सामाजिक सञ्जालमा आक्रोश पोख्न थालेका छन् । महिला क्रिकेट खेलाडी कविता जोशीले सुदुरपश्चिमबाट सहभागिता जनाएकी थिन् । सुदूरपश्चिम महिला क्रिकेट टोलीले प्रदेश १ लाई हराउँदै उपाधि जितेको थियो । जोशीले फेसबुकमा स्टाटस लेख्दै भनेकी छिन्, 'मुख्यमन्त्री कपको पैसा खाईसक्या हो की केही आशा बाँकी राखौं ? एकवर्ष पुरा भईसक्दा पनि रकम नपाउँदाको पिडा खेलाडीले मात्र बुझ्छन् ।'

उनले अर्को स्टाटस लेखेकी छिन्, 'विजेतालाई पुरस्कार दिन नसक्ने भए किन प्रतियोगिता गराएको मुख्यमन्त्री ज्यु ? कि आफैं खानलाई बाहना बनाएको ? 'सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव हरि प्रसाद लम्सालले यस बारे आफुलाई राम्रोसँग जानकारी नभएको र सम्बन्धित निकायसँग कुरा गरेर पहल गर्ने बताए । क्षेत्रिय खेलकुद विकास समितीको खातामा उक्त पुरस्कार रकम रहेको महासाखा प्रमुख पदमराज जोशीले जानकारी दिए ।

'नगद पाउने पुरस्कार उनीहरुले पाई सकेका छन् । १० हजारको कर काटेर ७ साढे सात हजार दिएका छौं । १५ लाख भने पाएका छैनन् । त्यो १५ लाख खेलाडी कल्याणकारी कोष कार्यविधी बनाएर कानुन मन्त्रालय र अर्थ मन्त्रालयमा पठाई सकेका छौं । उताबाट रायआएपछि कार्यविधी अनुसार अघि बढ्ने छौं', जोशीले भने ।

सुरुमा प्रतियोगिता हुँदा उक्त पुरस्कार खेलाडीले पाउने भन्ने थियो । अहिले कल्याणकारी कोषमा जम्मा गर्ने भन्ने बारे जिज्ञासा राख्दा उनले भने, 'खेलाडीले पाउने भन्ने कुरा थियो । म वैशाखमा आउँदा खेलकुद सम्पन्न भई सकेको थियो । त्यो पैसा अहिले क्षेत्रीय खेलकुद विकास समितीको खातामा छ । खेलाडी कल्याणकारी कोष बनाउँदै छौं । त्यस कोषमा राख्ने सहमती भएको छ ।'

'२ सय खेलाडीमम बाँड्यो भने १५ लाख को २५ प्रतिशत कर काटेर ११ लाख जति हुन आउँछ । त्यसले के हुन्छ र? सामाजिक विकास मन्त्रालयले ३० लाख छुट्याएको छ र त्यो कर काटेर ११ लाख जति आउन पुग्दा यो वर्ष कुल ४१ लाखको खेलाडी कल्याणकारी कोष स्थापना गर्ने छौं । आगमी वर्ष ५० लाख छुट्याएर झण्डैं एक करोडको कोष बनाउने छौं र त्यसको ब्याजबाट सबै खेलाडीहरुलाई आपद विपद पर्दा मन्त्रालयले सहयोग गर्ने छौं', उनले भने ।

सुदुरपश्चिम प्रदेशलाई महिला क्रिकेट तर्फको उपाधि जिताउँदाकी कप्तान जानकी भट्टले त्यति बेलमा खेल्नेक्रममा उपाधि जिते १(१ लाख पुरस्कार दिने वाचा गरिएको बताउँछिन् । 'तिमीहरुले जित्यौ भने प्रत्येक खेलाडीलाई १-१ एक लाख हातमै दिन्छौं भन्ने आश्वासन दिएका थिए । त्यो १५ लाखमा अपुग रकम थपेर दिन्छौं भनेकाले हामीले पाउँछौं भन्ने सोचका साथ खेल्यौं । सबैको मन त हो नी यति पैसा पाए त घरका पनि खुसि हुन्छन् होला भन्ने सोचले झनैं उत्साहित हुँदै खेलियो,' उनले भनिन् ।

'पछि दुई दिनपछि साढे ७ हजार मात्र दिएर पठाए । जुन कर काटेर दिएका रहेछन् । मैले खेल्न लागेको ११ वर्षमा पहिलो पटक उपाधि रकममा कर काटेर पाएको हुँ,' त्यसैमा जानकीले थपिन्,' खेलाडीले जितेपछि कोष बन्छ भने खेलाडीले पाउने के ? खेल किन खेल्ने ?'

# 'अवतार २' को रिलिज मिति नरोकिने





■ एजेन्सी

लण्डन । सन् २००९ मा रिलिज भएको जेम्स क्यामरनको चलचित्र 'अवतार'ले बक्स अफिसको सबै रेकर्ड ब्रेक गरेको थियो ।

एपिक साइन्स फिक्सन चलचित्र जेम्सको लेखन, निर्देशन, प्रोडक्सन र सह-सम्पादनमा बनेको ब्लकबस्टर चलचित्र हो ।

पहिलो चलचित्रको सफलतापछि अब जेम्स यसको सिक्वेल बनाउने योजनामा छन् ।

हालै एक अन्तर्वातामा उनले 'अवतार २' बनाउने सोच भएको बताएका छन् । जेम्सले योजना सुनाउँदै भनेका छन्, 'म अवतारमा फेरि काम गर्न चाहन्छु । अहिले लकडाउनको नियमका कारण अनुमति छैन । अहिले सबै ठप्प छ । न्युजिल्यान्डमा छायांकन हुनुपर्ने थियो । तर अब हामी चाँडो भन्दा चाँडो यस प्रोजेक्टको काम सुरु गर्ने छौँ ।'

छायांकनमै जान बाँकी चलचित्रको उनले रिलिज मिति पनि घोषणा गरिसकेका छन् । जेम्सले चलचित्र २०२१ को १७ डिसेम्बरमा रिलिज गर्ने लक्ष्य लिएका छन् ।

उनले कोरोनाले चलचित्रको रिलिज मितिमा असर नपुग्ने र तय भएको मितिमै रिलिज हुने पनि बताए ।

हालै यस चलचित्रको बजेटबारे एक रिर्पोट पनि सार्वजनिक भएको छ । जसमा अवतारको सबै सिक्वेलको बजेट ७५ करोड रहेको बताइएको छ । तर यो सिक्वेल २ को मात्रै हो या सिक्वेल ४ को भने खुलाइएको छैन ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी